तस्बिर : अन्नपूर्ण


गोपाल ठाकुर

# म सन्तुष्ट छु

विघटित संविधानसभामा सबैभन्दा धेरैवटा छलफलमा बोल्ने कीर्तिमान बनाएका छन् गोपाल ठाकुरले । नेकपा एमालेका सभासद् रहेका गोपाल भाषाशास्त्री पनि हुन् र संविधानसभाको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिका सदस्य थिए । समितिको प्रतिवेदन तयार पार्नमा पनि उनको योगदान उत्कृष्ट थियो । सबैभन्दा धेरै छलफलमा भाग लिने कीर्तिमान बनाएको अन्नपूर्णसभाका राजकुमार रेग्मीले वार्ता क्रममा बताउँदा उनको प्रतिक्रिया थियो, 'लौ, कसरी?'

मेरो विचारमा आधा जति सभासद्ले संविधानसभामा कुनै पनि प्रतिवेदनको छलफलमा बोलेका छैनन् होला ।

**समिति र सभाको पूर्ण बैठकमा के फरक थियो ? यी दुइटामा बोल्नुमा के फरक हुन्थ्यो ?**

समितिको बैठकमा कुनै पनि विषयमा बहस छलफल हुँदा त्यसको परिणाम र प्रभाव तुरुन्तै पर्ने हुन्छ । सभाको पूर्ण बैठकमा बोल्दा मुलुककै ध्यान केन्द्रित भएको हुन्छ, हामीले बोलेका कुरा अभिलेखमा दर्ज हुन्छ । समिति भनेको सभाकै सानो रूप हो । सभाको बैठकमा मिडिया र दर्शक पनि हुन्छन् । कतिपय विद्युतीय सञ्चार माध्यमले प्रत्यक्ष प्रसारण पनि गरिरहेका हुन्छन् । सभामा बोलेको कुरा प्रत्यक्ष जनतामा पुग्छ तर समितिमा बोलेको पुग्छ भन्न सकिँदैन । कुनै विषयमा तुरुन्तै करेक्सन गर्नुछ अथवा निर्णय गर्नुछ या हुन लागेको निर्णय रोक्नुछ भने समितिको बैठक प्रभावकारी हुन्छ । तर, यो मामिलामा सभाको बैठक प्रभावकारी हुँदैन ।

**सभाको पूर्ण बैठकमा समितिका ११ वटा प्रतिवेदन र राज्यपुनर्संरचना आयोगको छलफलमा सभासद्हरूको सहभागिता कस्तो थियो ?**

ती छलफलमा सभासद्हरूको राम्रै सहभागिता देखिन्थ्यो ।

**तपाईंको विचारमा सबै प्रतिवेदन उपर बोल्ने सभासद् कति होलान् ?**

सभाको अभिलेख हेर्ने हो भने कसले कतिवटा प्रतिवेदनमा बोले भन्ने थाहा पाउन सकिन्छ । तर, अभिलेखबाट सबैले बोलेको पत्ता लगाउन भने निकै गाह्रो काम हो । किनभने त्यत्तिका सभासद्ले धेरैवटा बैठकमा बोलेका छन्, उनीहरू कसले कुनकुन बैठकमा बोले भन्ने छुट्ट्याउन वास्तवमै गाह्रो होला । जे भए पनि अभिलेखमा सबै कुरा छ । तर, मलाई के लाग्छ भने कतिपय सभासद्ले कुनै पनि प्रतिवेदनको छलफलमा बोलेका छैनन् होला ।

**एउटै पनि छलफलमा नबोल्ने सभासद् कति होलान् ?**

मैले यससम्बन्धी तथ्यांकमा विचार पुर्‍याएको छैन । त्यसैले यतिले नै बोलेका छैनन् भन्न सक्दिनँ ।

**अनुमान त गर्न सक्नुहुन्छ ?**

मेरो विचारमा आधा जति सभासद्ले संविधानसभामा कुनै पनि प्रतिवेदनको छलफलमा बोलेका छैनन् होला ।

**तपाईंले कतिवटा प्रतिवेदनको छलफलमा बोल्नुभयो ?**

मैले संविधानसभाका एघारवटा प्रतिवेदन र राज्यपुनर्संरचना आयोगको प्रतिवेदन गरी बाह्रवटै प्रतिवेदनको छलफलमा बोलेको छु । यो कुरा संविधानसभाको रेकर्डबाट पनि देखिन्छ ।

**बाह्रवटै प्रतिवेदनको छलफलमा बोल्ने सभासद् तपाईंमात्रै हो कि अरू पनि होलान् ?**

म बाहेक अरू धेरै सभासद्ले बाह्रवटै प्रतिवेदनमा बोलेका छन् ।

**तपाईंलाई जानकारी होस्, हामीले गरेको अध्ययनअनुसार तपाईंले संविधानसभामा सबैभन्दा धेरैपटक छलफलमा बोल्ने कीर्तिमान बनाउनुभएको छ । यो कुरा तपाईंलाई थाहा छ ?**

लौ, कसरी ? मैले भनिहालेँ नि, मबाहेक अरूले पनि बाह्रवटै प्रतिवेदनमा बोलेका छन् । अनि कसरी मैले धेरैपटक बोले ?

**प्रतिवेदनमा छलफलका लागि बसेको बैठक बाहेक १२ माघ २०६७ मा बसेको एक सय ६ औं बैठकमा पनि संविधानका अन्तर्वस्तुमा छलफल भएको थियो । त्यो बैठकमा पनि बोलेको कारणले तपाईंको नाममा धेरै पटक छलफलमा बोल्ने कीर्तिमान बनेको छ ।**

हो, त्यो बैठकमा पनि म बोलेको थिएँ । अदालतमा मातृभाषा प्रयोगको सन्दर्भमा विवाद समाधान उपसमितिले जे निर्णय गरेको थियो, त्यसमा आफ्नो फरक मत बैठकमा राखेको थिएँ ।

**संविधानसभामा धेरैपटक छलफलमा सहभागी हुने, धेरैपटक बोल्ने कीर्तिमान बनाउनुभएकोमा तपाईंलाई बधाइ ! यो कुरा थाहा पाउँदा तपाईंलाई कस्तो लाग्दैछ ?**

संविधानसभाको सदस्यको हैसियतले मैले आफ्नो कर्तब्य निर्वाह गरेको छु । हामीले संविधानसभाको सदस्यका रूपमा शपथ लिएका हौं, शपथ लिएअनुसार मैले पूरै काम गर्ने प्रयास गरेको छु । मैले आफ्नो बुद्धि, विवेक र क्षमताको पूर्ण उपयोग गरेर काम गरेको छु, यसैमा म सन्तुष्ट छु तर जति गरे पनि नयाँ संविधान बन्न सकेन, यसमा चाहिँ साह्रै दुःख लागेको छ ।

**कुनै पनि बैठकमा नबोल्ने सभासद् पनि छन् भन्नुभयो, तपाईंको विचारमा ती सभासद्ले किन छलफलमा भाग नलिएका होलान् ?**

यसका विभिन्न कारण होलान् । सबै सभासद्को शैक्षिक र राजनीतिक पृष्ठभूमि फरक छ, बोल्ने शैली फरक छ । अंग्रेजीमा एक्सपोजर भन्छ, त्यसले पनि फरक पार्छ । राजनीतिक दलले कसले कसलाई कसरी बोल्न दिने भन्ने पनि निर्धारण गरेको हुन्छ । यी सबै कारणले प्रभाव पारेको हुन सक्छ ।

> संविधानसभाको सदस्यको हैसियतले मैले आफ्नो कर्तब्य निर्वाह गरेको छु । हामीले संविधानसभाको सदस्यका रूपमा शपथ लिएका हौं, शपथ लिएअनुसार मैले पूरै काम गर्ने प्रयास गरेको छु । मैले आफ्नो बुद्धि, विवेक र क्षमताको पूर्ण उपयोग गरेर काम गरेको छु, यसैमा म सन्तुष्ट छु तर जति गरे पनि नयाँ संविधान बन्न सकेन, यसमा चाहिँ साह्रै दुःख लागेको छ ।

अन्नपूर्ण सभा

इटहरी, आइतबार
२४ असार २०६९
Sunday, July 8, 2012

इमेल : sabha@annapost.com

अन्नपूर्ण पोष्ट आइतबारे परिशिष्टांक

४-५ **सभासद्का बोली विवरण :** संविधानसभाको चारवर्षे जीवनकालमा सभासद्हरूले बैठकमा भएको छलफलमा कतिपटक बोले ? धेरै बोल्ने को थिए ? विस्तृत विवरण ।






# बोलीको नालीबेली

■ राजकुमार रेग्मी

**व्यवस्थापिका** संसद्मा बोल्न नेताहरूको तँछाडमछाड हुन्थ्यो, माइक खोसाखोस र कुर्सी भाँचाभाँचसमेत हुन्थ्यो । बैठकमा बोल्न पाइएन भनेर आफ्ना पार्टीका सचेतक र सभामुखको आलोचना गर्ने काम पनि हुन्थ्यो । तर, संविधानसभाको बैठकमा त्यस्तो केही हुँदैनथ्यो । सभासद्ले बोल्न पाउने अर्थात् सामूहिक छलफल हुने बैठकमा बोल्न सबैलाई छुट थियो । व्यवस्थापिका संसद्को बैठकमा जस्तो कुनै रोकतोक थिएन । तैपनि संविधानसभाको चारवर्षे जीवनकालमा एउटै बैठकमा नबोल्नेहरू पनि रहेछन् । व्यवस्थापिका संसद्को बैठकमा मुख्य दलका शीर्ष नेताहरूले बोलेको सधैं देख्न पाइन्थ्यो तर अधिकांश शीर्ष नेताले संविधानसभाको बैठकमा भने एकपटक पनि बोलेनछन् ।

ठूलादेखि कतिपय साना पार्टीसम्मका नेताहरूले संविधानसभामा एकै पटक नबोली चार वर्ष बिताएका छन् । संविधानसभाका ११ वटा समिति र राज्यपुनर्संरचना आयोगको गरी १२ वटा प्रतिवेदनमा संविधानसभामा छलफल भयो । यस्ता छलफलमा सभासद्हरूको व्यापक सहभागिता पनि देखिन्थ्यो । तर, संविधानसभाको अभिलेख केलाएर हेर्दा संविधानसभाको चार वर्षको अवधिमा एकै पटक नबोल्ने ९४ सभासद् फेला परेका छन् ।

संविधानसभाको चारवर्षे कालखण्डमा शीर्ष नेता र राजनीतिक दलहरूले संविधान लेखनमा भन्दा सरकार बनाउने र गिराउने व्यवस्थापिका संसद्को खेलमा मात्र ध्यान दिए भन्ने गरिन्थ्यो । संविधानसभाको अभिलेख हेर्दा त्यस्तै देखिन्छ । ठूला दलका शीर्ष नेताहरू संविधानसभाको बैठक र छलफलप्रति कति उदासीन थिए भन्ने संविधानसभाको अभिलेखले देखाउँछ ।

विस्तृत पृष्ठ २ र ३ मा